राजदूत

नेपाली राजदूतावास
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

मितिः २०७९।११।०७
(१९ फेब्रुअरि २०२३)

## राष्ट्रिय प्रजातन्त्र दिवस २०७९ को शुभकामना।

राष्ट्रिय प्रजातन्त्र दिवस २०७९ को उपलक्ष्यमा संयुक्त राज्य अमेरिकामा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा नेपाली राजदूतावास वाशिङ्गटन, डि.सि.को तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा, एकतन्त्रीय जहानीयाँ राणा शासनको अन्त्य गर्ने बिक्रम सम्वत् २००७ सालको क्रान्ति हुँदै नेपाली जनतालाई प्रजातन्त्र, मानव अधिकार, समावेशिता तथा खुल्लापनतर्फको यात्रामा अघि बढाउने क्रममा भएका विभिन्न जनआन्दोलन तथा राजनीतिक संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने समस्त सहिदहरुप्रति हार्दिक सम्मान तथा श्रद्धान्जली व्यक्त गर्दछु।

यस ऐतिहासिक दिनले हामी सम्पूर्ण नेपालीहरुलाई शान्तिपूर्ण तथा प्रजातान्त्रिक ढंगबाट आफूलाई संविधान प्रदत्त अधिकार तथा कर्तव्यको निष्ठापूर्वक पालना गर्दै समुन्नत र सम्वृद्ध नेपाल निमार्णको दिशातर्फ जुटिरहन थप प्रेरणा मिलोस् भन्ने कामना गर्दछु

श्रीधर खत्री

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org